हरिपुर्वा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्याः ११ मितिः २०७६।१०।१५

भाग-२

हरिपुर्वा नगरपालिका

# हरिपुर्वा नगरपालिका

## नगर कार्यपालिकाबाट गाई/भैसी सुत्केरी पोषण भत्ता, व्याडको बोका व्यवस्थापन र भ्याक्सीनेशन कार्यक्रम कार्यान्वयन विधि, २०७६

कार्यपालिकाबाट पारित मिति : २०७६।१०।१० गते

प्रमाणिकरण मिति : २०७६।१०।१०

**१. प्रस्तावना :**

**हरिपुर्वा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम चालु आ.ब.मा स्विकृत बार्षिक कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा गाई/भैसी सुत्केरी पोषण भत्ता, व्याडको बोका व्यवस्थापन र भ्याक्सीनेशनको लागी यो कार्यान्वयन विधि स्विकृत गरी जारी गरिएको छ।**

**२. परिभाषा/उद्देश्य :**

**विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा हरिपुर्वा नगरपालिकाको नीति तथा कार्यक्रम, २०७६ अनुसार गाई/भैसी पालन गर्ने कृषकहरुको लागी बढी भन्दा बढी दुध**

उत्पादन बढाउनलाई प्रोत्साहन स्वरुप गाई/भैसी सुत्केरी पोषण भत्ता वितरण गरी कृषकहरुलाई सहयोग गर्ने । बाख्राहरुलाई उन्नत जातका बोकासंग प्रजनन गराई नश्ल सुधार गराउने । नश्ल सुधार भएर जन्मेको पाठापाठीहरु चाडै बढने भई मासु उत्पादनमा बृद्धि हुने छ भने पाठीहरुबाट बाख्रा विकासमा टेवा पुग्ने छ । भ्याक्सीनेशन कार्यक्रमबाट कृषकहरुको पशुपंछीहरुको स्वास्थ्यमा सुधार भई कृषकहरुले प्रोत्साहन पाउनेछन । उक्त सम्बन्धमा चालु आ.ब. ०७६।०७७ का लागी स्विकृत बार्षिक कार्यक्रममा समावेश भएको पशु सुत्केरी भत्ता, कृतिम गर्भाधान प्रवर्द्धन, वोयर्स जातको बोका खरिद एवं व्यवस्थापन तथा भ्याक्सिनेशन कार्यक्रम कार्यान्वयनमा ल्याउन यस बमोजिमको विधि एवं प्रकृया अवलम्बन गरिनेछ ।

### ३. गाई /भैसी सुत्केरी भत्ता वितरणका शर्तहरु :

यस नगरपालिका भित्रका पाल्तु गाई/भैसी सुत्केरी पोषण भत्ता वितरणका शर्तहरु यस प्रकार हुनेछ :

क) गाई/भैसी सुत्केरी हुनु भन्दा १ महिना पहिला देखी आँनै घरमा पालेको हुनु पर्नेछ।

ख) गाई/भैसी सुत्केरी भए पछि कम्तिमा १ महिना सम्म आफौ पाल्नु पर्नेछ ।

ग) गाई/भैसी सुत्केरी पोषण भत्ता प्रोत्साहन स्वरुप रु.१०००।-(एक हजार मात्र) नगर कार्यपालिकाको कार्यालयबाट उपलब्ध गराईनेछ ।

घ) माथि बुदा (ग) बमोजिम सुविधा प्राप्त गर्न देहाय बमोजिम कागजात समावेश गरी यस नगरपालिका भित्रको सम्बन्धित वडा कार्यालयमा दिएको निवेदन साविक पशु विकास शाखामा पठाउनु पर्नेछ ।

(अ)सम्बन्धित वडा कार्यालयको सिफारिस,

(आ)पशुपालन गर्ने व्यक्तिको नेपाली नागरिकताको फोटोकपी,

(इ)सम्बन्धित कृषक सहित सुत्केरी गाई/भैसीको साथको बाच्छा/बाच्छी वा पाडा/पाडीको फोटो,

(ई)सम्बन्धित कृषकले सुत्केरी पशु कम्तिमा १ महिनासम्म पालनपोषण गर्ने नेपाली कागजको कवुलियतनामा ।

ङ) माथि बुदा (घ) बमोजिमको कागजात सहितको विवरण छानविन गरी अभिलेखको आधारमा साविक पशु विकास शाखाका प्रमुख अर्थात नगर कार्यपालिका विषयगत शाखा पशु तर्फका संयोजकले आर्थिक विकास समितिमा पेश गर्नु पर्नेछ । उक्त समितिको निर्णय अनुसार सम्बन्धित कृषकलाई रकम वितरण गरिनेछ । उक्त सम्बन्धी अनुसूची-२ बमोजिमको अभिलेख आ.प्र.शाखामा उपलब्ध गराउने गरी पशु विकास शाखाका प्रमुखलाई पेश्कि रकम दिईनेछ, उक्त भर्पाईको आधारमा पेश्कि फर्स्यौट गरिने छ ।

च) माथि बुदा (ग) बमोजिम सम्बन्धित कृषकलाई सुविधा उपलब्ध गराउन अनुसूची ३ बमोजिमको सूचना सार्वजनिक गरिने छ ।

छ) तोकिएको शर्त पालना नगरी झुक्याएर भत्ता लिएको ठहरेमा सरकारी बाकी सरह सो रकम असूल उपर गरिने छ ।

ज) माथि बुदा (छ) को सम्बन्धमा सम्बन्धित कृषक, सम्बन्धित वडा अध्यक्ष र पशु विकास शाखा प्रमुख जवाफदेही हुनेछ ।

झ) यस सम्बन्धमा कृषक प्रोत्साहन छनौट सम्बन्धी कार्य यस नगरपालिकाको आर्थिक विकास समितिले गर्नेछ ।

- **कृषक छनोटका आधारहरु** :

१. अनुदान प्राप्त गर्न चाहने कृषकहरुले गाई/भैसी सुत्केरी भएको ७(सात) दिन भित्र सम्बन्धित वडा कार्यालयमा निवेदन दिएको,

२. वाच्छो/बाच्छी, पाडा/पाडीको र कृषक सहितको फोटो संलग्न गरी - थान १

३. नेपाली नागरिकताको प्रतिलिपी - थान १

४. सम्बन्धित कृषकले सुत्केरी पशु कम्तिमा १ महिनासम्म पालन पोषण गर्ने नेपाली कागजको कवुलियत नामा ।

५. सम्बन्धित कृषकको तीनपुस्ते खुलेको विवरण र सम्पर्क नम्बर समावेश गरिएको ।

६. उल्लेखित मापदण्ड पुरा गरेको निवेदन सहित पशु सेवा शाखा हरिपुर्वामा पेश गर्नु पर्नेछ ।

७. अघिल्लो मितिमा दर्ता गर्ने कृषकले प्राथमिकता प्राप्त गर्नेछ ।

**४. बोका खरिद सम्बन्धी व्यवस्था** :

क) नगर कार्यपालिकाको कार्यालयले सार्वजनिक खरिद सम्बन्धी कानून बमोजिम बोका खरिदका लागि कम्तिमा १५ दिनको सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामा एकपटक प्रकाशन गर्नेछ।

ख) उक्त अनुसार कम्तिमा ३ वटा दरभाउपत्र प्राप्त नभएमा वा प्राप्त दरभाउपत्र स्विकृत नभएमा अख्तियार प्राप्त अधिकारीले सोझै पटके खरिद वा कोटेशन मार्फत कृषक, समूह वा फर्मबाट लिन सक्नेछ ।

ग) खण्ड (ख) का लागि अख्तियार प्राप्त अधिकारी लगायतका टोली स्थलगत रुपमा पुग्न सक्नेछ। उक्त अनुसार खरिद गरिएको विषयमा कार्यपालिका जवाफदेही हुनेछ । यस खण्ड ४ बमोजिम खरिद गरिएकोमा विल बमोजिम भूक्तानी गरिनेछ ।

**५. व्याडको बोका खरिद तथा व्यवस्थापन सम्बन्धी शर्तहरु** :

क) नगरपालिकाबाट खरिद भएको व्याडको बोका वडा अध्यक्षको सिफारिसमा व्यवस्थापन हुनेछ ।

ख) व्याडको बोका केवल बाख्रा पाल्ने कृषकहरुलाई मात्र पाल्न पाउने सुविधा उपलब्ध गराईने छ ।

ग) बोकाको सुरक्षा कृषक स्वयंले गर्नु पर्नेछ। बोका हराएमा, चोरी भएमा, अकालमा मृत्यु भएमा कारण पत्ता लगाई कृषक दोषि ठहर भएमा बोकाको चलन चल्तीको जरिवाना स्वयंले तिर्नु पर्नेछ । (चलन चल्तीको रकम भन्नाले खरिद गर्दा परेको रकमलाई न्यूनतम मानिनेछ ।)

घ) व्याडको बोका विरामी भएमा तुरुन्त वडा कार्यालय र पशु सेवा शाखामा खबर गर्नु पर्नेछ।

ङ) व्याडको बोकालाई कृषकको नाममा विमा गर्ने। विमा गरेको पहिलो बर्ष विमाको प्रिमियम रकम नगरपालिकाले तिर्ने हुादा कृषकले तिरेको प्रिमियम रकमको विल, सम्बन्धित कृषक समूह र वोका सहितको फोटो राखी वडा अध्यक्षबाट गरिएको सिफारिस र निवेदनका आधारमा भुक्तानी उपलब्ध गराईनेछ । त्यस पछीको प्रिमियम कृषक स्वयंले तिर्नु पर्नेछ ।

च) बोका राख्न चाहने कृषक/समुहले सम्बन्धित वडा अधयक्ष समक्ष नेपाली नागरिकताको प्रमाणपत्र, हालसालै खिचिएको २ थान फोटो, तीनपुस्ते विवरण सहितको निवेदन पेश गर्नु पर्नेछ ।

छ) नगरपालिकाबाट उपलब्ध बोकाको पूर्ण स्वामित्व नगरपालिकाकै हुनेछ । कृषकले उक्त बोकालाई उपयुक्त ढंगले पालन पोषण र व्यवस्थापन गर्दै राख्न पाउनेछ । उक्त कार्यलाई टेवा पुऱ्याउन सम्बन्धित कृषक वा समूहले बाख्रामा बोका लगाए बापत सेवा शुल्क रू.१००।- सम्म लिन पाईनेछ ।

ज) एक पटक बाख्रामा लगाई सकेपछी उल्टेको खण्डमा ३ पटक सम्म निशुल्क लगाउन दिनु पर्नेछ ।

झ) बाख्रामा बोका लगाएको प्रगती विवरण महिनाको १ पटक पशु सेवा शाखामा पेश गर्नु पर्नेछ ।

ञ) माथि उल्लेख भएका शर्तहरू पुरा गरे नगरेको निरन्तर अनुगमन सम्बन्धित वडा अध्यक्षले गर्नेछ। सो अनुसार भएको नपाईएमा सम्बन्धित वडा अध्यक्षले बोका पाल्ने कृषक वा समूह परिवर्तन गर्न सक्नेछ । उक्त नगरपालिकाको खरिद बोका सम्बन्धी सम्पूर्ण जिम्मेवार एवं जवाफदेही सम्बन्धित वडा अध्यक्ष हुनेछ । उक्त सम्बन्धमा सामान्यतयाः बार्षिक एक पटक सम्बन्धित वडा कार्यालयले नगर कार्यपालिकाको कार्यालयलाई जानकारी उपलब्ध गराउनु पर्नेछ ।

ट) प्रत्येक २/२ बर्षमा बोकाको स्थान परिवर्तन गर्नु पर्नेछ ।

**६. भ्याक्सीनेशन कार्यक्रम :**

कं) गाई/भैसीको लागी भ्यागुते, चरचरे र खोरेट खोप लगाउने कार्यक्रम अनुसार खोप खरिद सार्वजनिक खरिद सम्बन्धी कानून बमोजिम गर्ने । खोपको आवश्यकतानुसार

खरिद गर्नुपर्ने भएकोले सोझै पटके खरिद वा पटके कोटेशनबाट छिटो छरितो खरिद अख्तियार प्राप्त अधिकारीले गर्ने र सो अनुसारको विलको भुक्तानी दिने । पशु विकास कार्यक्रमसंग सम्बन्धित अन्य औषधि समेत यसै बमोजिम खरिद गर्ने ।

ख) गाई/भैसीलाई खोप लगाउने प्राविधिकलाई पारिश्रमिक रकम प्रति गाई/भैसीलाई सुई खोप लगाए बापत प्रष्ट अभिलेख र सो अभिलेखलाई आर्थिक विकास समितिका संयोजकले प्रमाणित गरेको आधारमा रू.२०।- का दरले भुक्तानी गर्ने ।

ग) बाख्रालाई पि.पि. आर खोपको रकम भुक्तानी बुदा ६(क) अनुसार गर्ने ।

घ) बाख्रालाई खोप सुई लगाए बापत प्रति गोटा रू.१०।-का दरले पारिश्रमिक बुदा ६(ख) बमोजिम भुक्तानी गर्ने।

ङ) माथि उल्लेख भएको नगरपालिकाबाट खरिद भ्याक्सिन तथा अन्य पशुका औषधि कृषकहरूलाई पशु विकास शाखामा सम्बन्धित कृषकले विरामी पशु सहित ल्याएको अवस्थामा सो को अभिलेख राखी निशुल्क उपचार तथा उपलब्ध भएको औषधि वितरण गरिनेछ । तर यस नगरपालिकाको कृषकहरूको हकमा यथा संभव पशु विकास शाखाका प्राविधिकलाई स्थलगत रूपमा पठाउन सकिनेछ ।

➢ **परिमार्जन तथा शंसोधन** :

यस कार्यान्वयन विधीलाई आवश्यकता अनुसार नगर कार्यपालिकाले परिमार्जन तथा शंसोधन गर्न सक्नेछ ।

७. पशु विकास कार्यक्रमसंग सम्बन्धित तालिम, गोष्ठी, सेमिनार आदी तोकिएको नर्म्सको आधारमा तयार पारिएको प्रस्ताव वा कार्यक्रम स्विकृत भए अनुसार कार्यान्वयन गर्ने ।

## अनुसूची - १

### हरिपुर्वा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
### हरिपुर्वा, सर्लाही, प्रदेश नं. २, नेपाल

**कृषकहरूको गाई/भैसीलाई सुत्केरी पोषण भत्ता अनुदान कार्यक्रमका लागी दरखास्त आब्हानको सूचना** :

हरिपुर्वा नगर कार्यपालिकाको कार्यालय हरिपुर्वा सर्लाहीको आ.ब.२०७६।०७७ को स्विकृत बार्षिक कार्यक्रम अनुसार कृषहरूका गाई/भैसी हरूलाई सुत्केरी पोषण भत्ता अनुदान कार्यक्रम संचालन गरी दुध उत्पादन कायम राख्न र बाच्छा बाच्छी/ पाडा पाडी हरुलाई स्वस्थ, तन्दुरूस्त राख्न कृषकहरूबाट आवेदनको लागी यो सूचना प्रकाशन गरिएको छ ।

➢ **कृषक छनोटका आधारहरु** :

१. अनुदान प्राप्त गर्न चाहने कृषकहरुले गाई/भैसी सुत्केरी भएको ७(सात) दिन भित्र सम्बन्धित वडा कार्यालयमा निवेदन दिएको,

२. वाच्छो/बाच्छी, पाडा/पाडीको र कृषक सहितको फोटो संलग्न गरी - थान १
३. नेपाली नागरिकताको प्रतिलिपी - थान १
४. सम्बन्धित कृषकले सुत्केरी पशु कम्तिमा १ महिनासम्म पालन पोषण गर्ने नेपाली कागजको कबुलियत नामा ।
५. सम्बन्धित कृषकको तीनपुस्ते खुलेको विवरण र सम्पर्क नम्बर समावेश गरिएको ।
६. उल्लेखित मापदण्ड पुरा गरेको निवेदन सहित पशु सेवा शाखा हरिपुर्वामा पेश गर्नु पर्नेछ ।
७. अघिल्लो मितिमा दर्ता गर्ने कृषकले प्राथमिकता प्राप्त गर्नेछ ।

**अनुसूची - २**

हरिपुर्वा **नगरपालिका, नगर कार्यपालिकाको कार्यालय**

**(पशु विकास शाखा)**

हरिपुर्वा, **सर्लाही, २ नं. प्रदेश, नेपाल**

**गाई/भैसी सुत्केरी पोषण अनुदान भत्ता बुझेको भर्पाई :**

लिखितम भर्पाइ दादै हरिपुर्वा नगर कार्यपालिकाको कार्यालय हरिपुर्वा सर्लाहीको आ.ब.२०७६।०७७ को स्विकृत बार्षिक कार्यक्रम अनुसार गाई/भैसी सुत्केरी पोषण अनुदान भत्ता हामी निम्न तपशिलका कृषकहरुले बुझिलिई यो भर्पाईमा सहिछाप गरिदियौ ।

| सि.नं. | कृषकको नाम | वावु | बाजे | ठेगाना | सुत्केरी पशु | | सुत्केरी प्रकार | | मो.नं. | रकम | दस्तखत | कैफियत, ३ पुस्ते खुलाउने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | गाई | भैसी | बाछा/पाडा | बाछी /पाडी | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

मिति : .......................... गते रोज .......... शुभम ।

**अनुसूची - ३**

हरिपुर्वा **नगरपालिका, ...... नं. वडा कार्यालय**

हरिपुर्वा, **सर्लाही, २ नं. प्रदेश, नेपाल**

हरिपुर्वा **नगरपालिका वडा नं. ..... बाट प्रजनन योग्य व्याडको बोकाको लागी अनुदानमा वितरण गरिएको बोयर जातको बोकाको भर्पाई**

**लिखितम भर्पाई दादै हरिपुर्वा नगर कार्यपालिकाको कार्यालय हरिपुर्वा सर्लाहीको आ.ब.२०७६।०७७ को स्विकृत बार्षिक कार्यक्रम अनुसार प्रजननको लागी बोयर जातको व्याडको बोका अनुदानमा हामी तपशिलका बाख्रा पालक कृषकहरु ले व्याडको बोका बुझिलिई यो भर्पाइमा सहिछाप गरिदियौ ।**

| सि. नं. | कृषकको नाम | वावु | वाजे | ठेगाना | बोका संख्या | मो.नं. | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**मिति : ......................... गते रोज .......... शुभम ।**

***नोट : यस सम्बन्धी विवरण एकप्रति नगर कार्यपालिकाको कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।***

आज्ञाले,

सकलदेव राय

प्रमुख प्रशासकीय अधिकृत